महाभारत गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड: २ सङ्ख्या: ६ मिति: २०७५-१२-०१

## भाग –२

महाभारत गाउँपालिका

## महाभारत गाउँपालिका पशुपन्छी विकास शाखा अन्तर्गत सञ्चालित युवा लक्षित कार्यक्रम कार्यन्वयन कार्यविधि - २०७५

### पृष्ठभूमी :

देशको कुल ग्राहस्थ उत्पादनको एक तिहाई भन्दा बढी कृषि क्षेत्रबाट प्राप्त हुने र दुई तिहाई भन्दा बढी जनसङ्ख्या रोजगारी तथा जिविकोपार्जनका लागि यस क्षेत्रमा निर्भर रहने भएकोले नेपालको अर्थतन्त्रमा कृषि क्षेत्रको महत्वपूर्ण भुमिका रहेको स्पष्ट छ । नेपालमा प्रत्येक वर्ष ४ लाख ५० हजार भन्दा बढी उत्पादनशील युवाहरु वैदेशिक श्रम बजारमा प्रवेश हुने गरेका छन् । यसै सन्दर्भमा युवाहरुलाई कृषि क्षेत्रमा आकर्षित गरी कृषि

उत्पादन र उत्पादकत्वमा बृद्धि गर्ने र कृषि क्षेत्रको व्यवसायीकरण बाट आयआर्जन बढाउने उद्देश्यले युवा लक्षित कार्यक्रम अन्तर्गत विशेष पशु उत्पादन (गाई, भैंसी, बाख्रा) कार्यक्रम सञ्चालनार्थ प्रतिस्पर्धी रुपमा अनुदान प्रवाह गर्न महाभारत गाउँपालिकाले आ.व. ०७५/०७६ देखि युवा लक्षित कार्यक्रमलाई थप प्रभावकारी रुपमा सञ्चालन गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद -३ दफा ११ को उपदफा १(ण) बमोजिममा महाभारत गाउँपालिका पशुपन्छी विकास शाखा अन्तर्गत युवा लक्षित कार्यक्रम कार्यन्वयन कार्यविधि २०७५ तयार गरीएको छ।

## परिच्छेद -
## प्रारम्भिक

**१. सङ्क्षिप्त नाम र प्रारम्भ :**

(क) यो कार्यविधिको नाम महाभारत गाउँपालिका पशुपन्छी विकास शाखा अन्तर्गत सञ्चालित युवा लक्षित कार्यक्रम कार्यन्वयन कार्यविधि २०७५ रहेको छ।

(ख) यो कार्यविधि महाभारत गाउँपालिकाबाट स्वीकृत भएको मिति बाट प्रारम्भ हुनेछ।

**२. परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा -

(क) **"युवा लक्षित कार्यक्रम"** (Youth Focused Program) भन्नाले युवाहरुलाई कृषि क्षेत्रमा आकर्षित गर्न प्रविधि, तालिम तथा बिउ पूँजी सहितको व्यवसायिक पशु उत्पादन -व्यवसासयिक गाई, भैंसी पालन, व्यवसायिक बाख्रा प्रवर्द्धन) कार्यक्रम भन्ने बुझ्नु पर्दछ।

(ख) **"युवा"** युवा भन्नाले युवा लक्षित कार्यक्रम सञ्चालन गर्न चाहने १८ देखि ५० वर्ष सम्मका नेपाली नागरीक भन्ने बुझ्नु पर्दछ।

महाभारत गाउँपालिका राजपत्र

(ग) **“समिति ”** भन्नाले गाउँकार्यपालिकाले तोके बमोजिमको समितिलाई जनाउँदछ ।

(घ) **“स्कीम**/ परियोजना” भन्नाले पशु उत्पादन ( व्यवसायिकगाई, भैँसी पालन, बाख्रा प्रवर्द्धन) कार्यक्रम सञ्चालनको लागि तयार गरीएको प्रस्ताव भन्ने बुझ्नु पर्दछ ।

(ङ) **“पशु विकास कार्यदल”** भन्नाले गाउँपालिकामा पशु विकास सम्बन्धी कार्यक्रमहरुको पहिचान गरी तर्जुमा, कार्यन्वयन र अनुगमन मूल्याङ्कनका लागि तोकिए बमोजिमका पदाधिकारी रहने गरी गठन भएको कार्यदललाई जनाउछ ।

३. **उद्देश्य** : यस कार्यविधिका उद्देश्य देहाय बमोजिम रहेको छ ।

(क) गाई पालन, भैँसी पालन, बाख्रा पालन सम्बन्धीव्यवसाय सञ्चालनका लागि आवश्यक पर्ने प्रविधि तथा प्रतिस्पर्धी अनुदान प्रदान गर्ने,

(ख) स्वदेशमा स्वरोजगारका अवसरहरु सिर्जना गरी रोजगारीको लागि विदेशीने क्रम न्यूनीकरण गर्न सहयोग पुर्याउने ।

(ग) युवाहरुको आयआर्जनमा टेवा पुर्याई कृषक परिवारको जीवन स्तरमा सुधार ल्याउन सहयोग पुऱ्याउने ।

## परिच्छेद - २

## युवा लक्षित विशेष पशु उत्पादन (व्यवसायिक गाई, भैँसी पालन) कार्यक्रम

### ४. युवा लक्षित विशेष पशु उत्पादन (व्यवसायिक गाई, भैँसी पालन) कार्यक्रम सञ्चालन प्रक्रिया :

युवा लक्षित विशेष पशु उत्पादन (व्यवसायिक गाई, भैँसी पालन) कार्यक्रम सञ्चालन प्रक्रिया देहाय बमोजिम हुनेछ :

(क) **स्कीम अवधि** : यो कार्यक्रम महाभारत गाउँपालिकाले निर्णण गरे बमोजिम अवधि सम्म सञ्चालन हुनेछ ।

महाभारत गाउँपालिका राजपत्र

(ख) <u>**स्कीमका लागि व्यवसायिक कृषक, समूह, समिति छनौटका आधारहरु**</u> : व्यवसायिक गाई, भैंसी पालनका लागि संभाव्य भएका यस गाउँपालिकाका निजी/साझेदारी/सामूहिक व्यवसायिक फर्महरुमा सम्भाव्यताका आधारमा महाभारत गाउँपालिकाको प्राथमिकीकरण गरी **व्यवसायिक कृषक, समूह, समिति** छनौट तथा कार्यक्रम सञ्चालन गर्नेछ । निवेदन दिने फार्महरु महाभारत गाउँपालिका पशुपन्छी बिकास शाखा वा सम्बन्धित अन्य निकायमा अनिवार्य रुपमा दर्ता भएको हुनु पर्नेछ ।

(ग) <u>**व्यवसायिक गाई, भैंसी फार्मको वर्गीकरण**</u> :

**फार्मलाई ३ ( तीन) भागमा विभाजन गरिनेछ ।**

१. <u>**साना व्यवसायिक गाई, भैंसी फार्म**</u> **:** यस कार्यक्रमको लागि स्थानीय गाईको हकमा कम्तीमा १०वा कम्तिमा ६ वटा वर्णशंकर/ उन्नत दुधालु गाई पालन वा स्थानीय भैंसीको हकमा कम्तीमा ५वटा वा उन्नत जातको हकमा कम्तीमा ३ वटा दुधालु भैंसी पालन गरी दूध उत्पादन व्यवसाय सुरु गरेका फार्महरुलाई साना व्यवसायिककृषि फार्म भनिनेछ ।

**२.** <u>**मझौला स्तरका व्यवसायिक गाई, भैंसी फार्म**</u> **:** ११ देखि ३० वटा सम्म स्थानीय तथा उन्नत दुधालु गाई वा कम्तिमा १० वटा भन्दा बढी स्थानीय भैंसी र ५ देखि १२ वटा सम्म उन्नत दुधालु भैंसी पालन गरी दुध उत्पादन व्यवसाय सुरु गरी रहेका फर्मलाई मानिने छ ।

**३.** <u>**ठूला व्यवसायिक फार्म**</u> **:** स्थानीय वा उन्नत दुधालु गाई ३० वटा भन्दा माथि र स्थानीय वा उन्नत दुधालु भैंसी १५ वटा भन्दा

महाभारत गाउँपालिका राजपत्र

माथि पालन गरी दुध उत्पादन/प्रशोधन व्यवसाय सुरु गरेका फार्महरुलाई मानिनेछ ।

**(घ) कार्यक्रमका लागि उपलब्ध गराइने सहयोग :**

**१. साना व्यवसायिक फार्म** : उन्नत गाई, भैँसी खरिद गरी बिमा गरीएका उन्नत गाई फर्मको लागि बढीमा रु २,००,०००/-(दुई लाख) सम्म र भैँसी फर्मको लागि बढीमा रु २,००,०००/-( दुई लाख) सम्म नगद अनुदान उपलब्ध गराइनेछ ।

२. **मझौला स्तरका व्यवसायिक गाई, भैँसी फार्मको सुदृढीकरणका लागि** तपशिलमा उल्लेखित क्रियाकलापहरु कार्यन्वयन गर्न प्रति फार्म बढीमा रु ३,००,०००/-(तीन लाख) सम्म अनुदान उपलब्ध गराइनेछ ।

**क्रियाकलापहरु :**

फार्म सुदृढीकरणसँग सम्बन्धित कार्यहरु

- गोठ निर्माण सुधार तथा फार्म सुरक्षा (वार बन्देज), जैविक सुरक्षा आदि
- पशु प्रजनन्, आहारा तथा अन्य व्यवस्थापकीय कार्य ( कृत्रिम गर्भाधान, उपकरण, ग्राइन्डर, च्याफकटर, काउम्याट, मिल्कक्यान, व्हील ब्यरो) आदि

३. उन्नत दुधालु गाई ३० भन्दा माथि र भैँसी दुधालु १५ भन्दा माथि पालन गरी व्यवसाय गरेका ठूला व्यवसायिक गाई, भैँसी पालन फार्महरुलाई यान्त्रिकरणको लागि तपशिलमा उल्लेखित मेशिनरी औजार खरिद गर्न प्रति फार्म बढीमा रु ४,००,०००/-( चार लाख) अनुदान उपलब्ध गराइनेछ ।

महाभारत गाउँपालिका राजपत्र

फार्म यान्त्रीकरणसँग सम्बन्धित क्रियाकलापका लागि आवश्यक मेशिनरी औजारहरु : मिल्किङ मेशिन, मिल्किङ पार्लर, फोडर, फोरेज ब्लक मेशिन, यु.एम.एम.बि मेशिन, विद्युतीय फिडर, वाटरर, मिल्क क्यान, साइलोपिट, डिप वेल, डिप बोरिङ, पाश्चुराइजर, मिल्क एनलाइजर, फ्रिजर, चिलिङ भ्याट आदि

**(ङ) प्रस्ताव आह्वान :** व्यक्तिगत रुपमा युवा कृषकले वा साझेदारीमा उन्नत गाई, भैँसी फार्महरु साना वा मझौला स्तर फार्म सुदृढीकरण वा ठूला व्यवसायिक फार्ममा यान्त्रीकरणका लागि स्थानीय स्तरको साप्ताहिक पत्रिकामा सूचना प्रकाशित गरी पशुपन्छी सेवा विकास शाखामा पेस गर्ने गरी महाभारत गाउँपालिका बाट प्रस्ताव आह्वान गरीनेछ । प्रस्ताव आह्वानको सूचना अनुसूची -१ बमोजिम स्थानीय स्तरको साप्ताहिक पत्रिकामा सम्बन्धित शाखा वा गाउँपालिकाले प्रकाशन गर्नेछन् । आवेदन एवं उपलब्ध गराउनु पर्ने कागजातहरु अनुसूची- २ बमोजिम र कार्ययोजना अनुसूची- ३ क बमोजिमको ढाँचामा हुनु पर्नेछ ।

**(च) प्रस्ताव मूल्याङ्कन :**

१. प्रस्ताव आह्वान भए बमोजिम निर्धारित मिति र समय भित्रमा पेस हुन आएका प्रस्तावहरुको सूची सार्वजनिक खरिद ऐन, ऐन नियमावली र प्रचलित आर्थिक नियमावली अनुसारका पदाधिकारीहरुको रोहवरमा मुचुल्क बनाई सम्बन्धित पशु पन्छी विकास शाखाले सिफारिस सहित सो को विवरण महाभारत गाउँपालिकामा पठाउनु पर्नेछ ।

महाभारत गाउँपालिका राजपत्र

२. च (१) मा प्राप्त प्रस्तावहरुको प्रारम्भिक छानबिन, स्थलगत निरीक्षण तथा अनुसूचीमा उल्लेखित आधारहरुलाई समेत लिई मूल्याङ्कन गर्नका लागि तपशिल अनुसारको ३ सदस्यीय मूल्याङ्कन समिति रहनेछ ।

मूल्याङ्कन समितिको बनौट

१.कार्यपालिकाले ताकेको संयोजक -१

२.कार्यपालिकाले तोकेको सदस्य -१

३. पशुपंछी विकास शाखा प्रमुख सदस्य सचिव-१

**छ) प्रस्तावहरुको स्वीकृती :**

१. मूल्याङ्कन समितिले अनुसूची ५(क) बमोजिमको ढाँचामा मूल्याङ्कन गरी छनौट भएका प्रस्तावहरु स्वीकृत/अनुमोदनका लागि पशु विकास कार्यदल/गाउँकार्यपालिकाले तोके बमोजिमको समितिमा पेस गर्नुपर्नेछ र सो को जानकारी पशुपन्छी सेवा शाखा र महाभारत गाउँपालिकालाई अनिवार्य रुपमा पठाउनु पर्नेछ ।

२. स्वीकृती/अनुमोदनका लागि पशु विकास कार्यदल/गाउँकार्यपालिकाले तोकेको समितिमा पेस भएका प्रस्तावहरुको सम्बन्धमा कुनै दुविधा भए पशु विकास कार्यदल/गाउँकार्यपालिकाको समितिले महाभारत गाउँपालिकाको राय तथा सुझाव लिन सक्नेछ ।

३. पशु विकास कार्यदल/गाउँकार्यपालिकाको समितिमा पेस भई स्वीकृत प्रस्तावहरुको प्रस्तावकलाई अनुदान प्रदान गर्नका लागि

महाभारत गाउँपालिका राजपत्र

अनुसूची ४ (क) बमोजिम सम्झौता गर्ने दायित्व सम्बन्धित पशुपन्छी विकास शाखाको हुनेछ ।

## परिच्छेद -३

## युवा लक्षित व्यवसायिक बाखा प्रवर्द्धन कार्यक्रम

### ५. युवा लक्षित बाखा प्रवर्द्धन कार्यक्रम सञ्चालन प्रक्रियाः

**(क) कार्यक्रम सञ्चालन हुने क्षेत्रहरु :** पशुपन्छी विकास शाखाबाट सञ्चालन गरीने कार्यक्रमका लागि महाभारत गाउँपालिकाबाट निजी/साझेदारी, सामूहिक व्यवसायिक फर्महरुको छनौट गरीनेछ । पशुपन्छी विकास शाखाले यस कार्यविधि अनुसार कार्यक्रम स्वीकृत तथा सञ्चालन गर्न सक्नेछन् ।

**(ख) कार्यक्रम सञ्चालन अवधि :** यो कार्यक्रम महाभारत गाउँपालिकाले निर्णय गरे बमोजिम अवधि सम्म सञ्चालन हुनेछ ।

**(ग) व्यवसायिक बाखा फार्मको वर्गीकरण :** यस कार्यक्रम अन्तर्गत व्यवसायिक बाखा फार्महरुलाई निम्न अनुसार बर्गीकरण गरीनेछ ।

**१. निजी व्यवसायिक बाखापालन फार्म :** यस कार्यक्रमको प्रयोजनका लागि न्यूनतम २५ वटा प्रजनन् योग्य माउ बाखापालन गरीरहेका वा सो सङ्ख्यामा बाखापालन गरी व्यवसायिक सुरु गर्ने फार्महरुलाई निजी व्यवसायिक बाखा फार्म मानिने छ ।

**२. समूह वा समितिमा सञ्चालन हुने व्यवसायिक बाखापालन फार्महरु :** कृषक समूह/समितिमा कम्तिमा ५ जना सदस्या भएको र प्रत्येक कृषक सदस्याहरुसँग औसतमा १० वटा प्रजनन् योग्य माउ बाखा भएको वा सो सङ्ख्यामा बाखापालन गरी व्यवसाय सुरु गर्ने समूह/समिति अन्तर्गतका फार्महरुलाई व्यवसायिक मानिनेछ ।

महाभारत गाउँपालिका राजपत्र

**३. <u>सहाकार्यमा सञ्चालन हुने व्यवसायिक बाख्रापालन फार्महरु</u> :** कम्तिमा २५ जना सदस्याहरूले बाख्रा पालन गरीरहेको वा सो सङ्ख्याका कृषकहरुले बाख्रापालन व्यवसाय सुरु गर्ने र प्रति सदस्य कम्तिमा औसत १० माउ बाख्रा (सहकार्यमा कम्तिमा २५० माउ बाख्रा) भएको फार्महरुलाई व्यवसायिक मानिनेछ ।

(घ) **<u>कार्यक्रमबाट उपलब्ध गराइने अनुदान रकम</u>**

१. निजी व्यवसायिक फार्म स्थापना वा सुदृढीकरणका लागि बढीमा रु २,००,०००/-( दुई लाख )

२. समूह/समितिमा व्यवसायिक बाख्रापालन फार्महरु स्थापना वा सुदृढीकरणका लागि बढीमा रु १,५०,०००/-( एक लाख पच्चास हजार)

३. सहकारीमा व्यवसायिक बाख्रापालन फार्महरु स्थापना वा सुदृढीकरणका लागि बढीमा रु २,००,०००/-(दुई लाख)

**नोट : प्रस्तावकले कम्तिमा अनुदान रकम बराबरको लगानी गर्नुपर्नेछ ।**

**(ङ) <u>अनुदान रकमको उपयोग</u> :**

यस कार्यक्रमबाट उपलब्ध हुने रकमबाट व्यवसायीले बाख्राको खोर निर्माण/सुधार, जैविक सुरक्षाको लागि फेन्सिङ, डिपिङ टयाङ, घाँस विकास तथा नर्सरी स्थापना, प्रजनन् बोका खरिद/कृ.ग व्यवस्थापन वा आवश्यक उपकरण खरिदमा उपयोग गर्न सक्नेछन् । यो रकमबाट बाख्राको दाना, औषधी, खनिज पदार्थ लगायतका खपत हुने सामग्रीहरु खरिद गर्न भने पाइने छैन ।

**(च) <u>कार्यक्रम सञ्चालन प्रकिया</u> :**

मध्यभारत गाउँपालिका राजपत्र

१) प्रस्ताव आह्वान : निजी फार्म/साझेदारी/समूह/समिति/सहकार्यमा आवद्ध कृषकहरुबाट सहकार्यमा व्यवसायिक बाख्रा फार्म स्थापना वा सुदृढीकरणका लागि महाभारत गाउँपालिका वा पशुपन्छी विकास शाखाबाट स्थानीय साप्ताहिक पत्रिकामा आह्वान गरीनेछ। प्रस्ताव आह्वानको सूचना अनुसूची १ बमोजिम र अनुदान सहयोग प्राप्त गर्नका लागि दिइने आवेदन पत्र तथा सङ्क्षिप्त कार्ययोजना प्रस्ताव क्रमशः अनुसूची २ र ३ (ख) बमोजिम हुनेछ।

**छ) <u>प्रस्ताव मूल्याङ्कन</u> :**

१. प्रस्ताव आह्वान भए बमोजिम निर्धारित

प्रस्ताव आह्वान भए बमोजिम निर्धारित मिति र समय भित्रमा पेस हुन आएका प्रस्तावहरुको सूची सार्वजनिक खरिद ऐन, ऐन नियमावली र प्रचलित आर्थिक नियमावली अनुसारका पदाधिकारीहरुको रोहवरमा मुचुल्का बनाइ सम्बन्धित पशुपन्छी विकास शाखाले सिफारिस सहित सो को विवरण महाभारत गाउँपालिकामा पठाउनु पर्नेछ।

२. झ (१) मा प्राप्त प्रस्तावहरुको प्रारम्भिक छानबिन, स्थलगत निरीक्षण तथा अनुसूचीमा उल्लेखित आधारहरुलाई समेत लिई मूल्याङ्कन गर्नका लागि तपशिल अनुसारको ३ सदस्यीय मूल्याङ्कन समिति रहनेछ।

**मूल्याङ्कन समितिको बनौट :**

१.कार्यपालिकाले ताकेकोसंयोजक -१

महाभारत गाउँपालिका राजपत्र

२.कार्यपालिकाले तोकेको सदस्य -१

३. पशुपंछी विकास शाखा प्रमुख सदस्य सचिव-१

**ज) मूल्याङ्कनका आधारहरु :**

मूल्याङ्कनका आधारहरु अनुसूची ५ (ख) मा उल्लेख भए अनुसार हुनेछन् ।

**झ) प्रस्तावहरुको स्वीकृती :**

१. मूल्याङ्कन समितिले अनुसूची ५(ख) बमोजिमको ढाँचामा मूल्याङ्कन गरी छनौट भएका प्रस्तावहरु स्वीकृती/अनुमोदनका लागि पशु विकास कार्यदल/गाउँकार्यपालिका समितिमा पेस गर्नुपर्नेछ । र सो को जानकारी पशुपन्छी विकास शाखा र सम्बन्धित माथिल्लो निकायका कार्यालयहरुलाई अनिवार्य रुपमा पठाउनु पर्नेछ ।

२. स्वीकृती/अनुमोदनका लागि पशुविकास कार्यदल/गाउँकार्यपालिका समितिमा पेस भएका प्रस्तावहरुको सम्बन्धमा कुनै दुविधा भए पशु विकास कार्यदल/गाउँकार्यपालिका समितिले पशुपन्छी विकास शाखाको राय तथा सुझाव लिन सक्नेछ ।

३. पशु विकास कार्यदल/गाउँकार्यपालिका समितिमा पेस भई स्वीकृत प्रस्तावहरुको प्रस्तावकलाई अनुदान प्रदान गर्नका लागि अनुसूची ४ (क) बमोजिम सम्झौता गर्ने दायित्व सम्बन्धित पशुपन्छी विकास शाखाको हुनेछ ।

महाकाली गाउँपालिका राजपत्र

## परिच्छेद -४
## विविध

**६. अनुगमन तथा मूल्याङ्कन व्यवस्था** : महाभारत गाउँपालिका पशुपन्छी विकास शाखा वा सम्बन्धित कार्यालयहरुबाट नियमित अनुगमन गरीनेछ। र सोको लिखित प्रतिवेदन समेत पेस गरीनेछ।

सम्बन्धित युवा उद्यमीले अनुसूची ६ बमोजिम चौमासिक तथा वार्षिक प्रगती विवरण तयार गरी पेस गर्नु पर्नेछ।

**७. कार्वाहीको व्यवस्था** : प्रस्ताव स्वीकृत भएका युवा कृषकहरुले स्कीम र सम्झौता अनुसार कार्यक्रम सम्पन्न नगरी प्राप्त अनुदानलाई दुरुपयोग गरेको पाइएमा स्थानीय सरकारका प्रचलित ऐन, नियम तथा कानुनबमोजिम कार्वाही गरी सरकारी रकम असुल उपर गरीनेछ।

**८. प्रचलित कानुन लागू हुने** : युवा लक्षित कार्यक्रम कार्यन्वयनको सम्बन्धमा प्रचलित कानूनमा उल्लेख भएकोमा सोही बमोजिम तथा उललेख नभएको कार्यक्रमको हकमा यसै कार्यविधि बमोजिम कार्यन्वयन हुनेछ।

**९. कार्यविधि संशोधन तथा परिमार्जन** : गाउँकार्यपालिकाले यस कार्यविधिमा आवश्यक परिमार्जन एवं संशोधन गर्न सक्नेछ।

**१०. सुरु** : हरेक युवा लक्षित स्कीम अन्तर्गत पशुहरुको अनिवार्य रुपमा पशु सुरु गराउनु पर्नेछ।

महाभारत गाउँपालिका राजपत्र

# अनुसूची - १

## पशु उत्पादन (गाई, भैँसी र बाख्रा प्रवर्द्धन) सम्बन्धी युवा लक्षित कार्यक्रमको प्रस्ताव आह्वानको सूचनाको ढाँचा :

.................शाखा/कार्यालय

युवा लक्षित कार्यक्रम सञ्चालनको लागि प्रस्ताव आह्वान सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति :................

यस कार्यालयको आ.व. २०....../...........को वार्षिक स्वीकृत कार्यक्रम अनुसार युवाहरुलाई पशु उत्पादन (व्यवसायिकगाई, भैँसी पालन/ बाख्रा प्रवर्द्धन) सम्बन्धी कार्यक्रमको माध्यमबाट स्वरोजगार प्रवर्द्धन गर्ने कार्यक्रम रहेको हुँदा इच्छुक १८ देखि ५० वर्ष उमेरका अर्ध वेरोजगार/वेरोजगार युवाहरुबाट दरखास्त आह्वानको लागि यो सूचना प्रकाशित गरीएको छ । प्रस्तावक युवा साझेदारी फार्महरुले सरकारी निकायबाट विगत २ आर्थिक वर्ष सम्ममा नगद वा वस्तुगत अनुदान सहयोग लिई सकेका फार्महरु छनौट प्रक्रियामा समावेश हुने छैनन् । यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले १५ दिन भित्र तोकिएको ढाँचा अनुसारको आवेदन फारममा दरखास्त दिनु पर्नेछ ।

**पुनश्चः** आवेदन साथ तपशिल अनुसारका कागजातहरु संलग्न राख्न समेत यसै सूचनाद्धारा सुचित गरीन्छ ।

महाभारत गाउँपालिका राजपत्र

**तपशिल**

१. अनुसूची २ अनुसारको आवेदन फारम

२. अनुसूची ३ अनुसारको सङ्क्षिप्त कार्ययोजना

३. नेपाली नागरीकताको प्रमाणित प्रतिलिपी

४. अन्य प्रमाणित प्रमाणपत्रहरु( तालिम, शैक्षिक योग्यता, अनुभव, जग्गा भाडाको सम्झौता पत्र आदी) को प्रतिलिपीहरु

# अनुसूची - २

**पशु उत्पादन( गाई, भैंसी पालन /बाख्रा प्रवर्द्धन) सम्बन्धित कार्यक्रममा अनुदान सहयोग प्राप्त गर्नका लागि दिइने आवेदन पत्र**

श्रीमान् प्रमुख ज्यू
पशुपन्छी विकास शाखा
महाभारत गाउँपालिका

**विषय : युवा लक्षित अनुदान सहयोग कार्यक्रम उपलब्ध गराइदिने बारे ।**

महोदय,

मलाई उक्त अनुदान सहयोग प्राप्त गरी ............................ कार्य गर्न तीब्र इच्छा भएकोले निम्न अनुसार कागजात राखि निवेदन गर्दछु । मैले अनुदान सहयोग प्राप्त गरेमा निर्धारित प्रक्रिया अनुसार सम्बन्धित गाँउपालिका भित्रै रही कार्य गर्नेछु । पूनश्चः तपशिल अनुसारका कागजातहरु यसै निवेदन साथ संलग्न राखेको व्यहोरा समेत अनुरोध गर्दछु ।

महाभारत गाँउपालिका राजपत्र

## तपशिल

१. अनुसूची ३ अनुसारको सङ्क्षिप्त कार्ययोजना

२. नेपाली नागरिकताको प्रमाणित प्रतिलिपी

३. फार्म/समूह/समिति/ सहकार्य सम्बन्धी निकायमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपी वा व्यक्तिगत कृषक

४. अन्य प्रमाणित प्रमाणपत्रहरु(तालिम, शैक्षिक योग्यता, अनुभव, जगगा भाडा सम्झौता पत्र आदि) को प्रतिलिपीहरु

५. वैदेशिक रोजगारबाट फर्केका युवाहरुको हकमा पासपोर्टको प्रतिलिपी

६. पर्यावरणीय असरको न्यूनीकरण गर्ने उपाय र जैविक सुरक्षा सम्बन्धी विवरण

७. समूह/समिति/सहकारीका सदस्यहरुको परियोजना प्रस्ताव पेस गर्न र परियोजना छनौट भएमा कार्यन्वयन गर्ने प्रतिबद्धता

निवेदक

नाम :

दस्तखत :

संस्था /व्यक्ति :

ठेगाना :

महाभारत गाँउपालिका राजपत्र

## अनुसूची -३ (क)

## पशु उत्पादन( गाई, भैँसीपालन/बाख्रा प्रवर्द्धन) सम्बन्धीकार्यक्रमको अवधारणाको सङ्क्षिप्त व्यवसायिक कार्ययोजना

## युवा लक्षित विशेष पशु उत्पादन(व्यवसायिक गाई, भैँसीपालन) कार्यक्रम

युवा/साझेदारी व्यवसायिक फार्मको नाम :
सम्पर्क नं.:

ठेगाना : गाउँ/टोल वडा नं. गा.पा.
जिल्ला :

गाई, भैँसी पालन गरीने स्थान :

युवा/साझेदारी व्यवसायिक गाई भैँसीपालन सञ्चालन गरीने कार्य विवरण :

| क.स | सञ्चालन गरीने क्रियाकलाप | अपेक्षित अनुदान सहयोग (रु) | निजी लगानी (रु) | जम्मा लगानी (रु) |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

महाभारत गाउँपालिका राजपत्र

युवा/साझेदारी व्यवसायिक विशेष पशु उत्पादन व्यवसायिक कार्य गर्ने व्यावसायिक न्यूनतम अनुदान रकम बराबरको रकम प्रस्तावित योजनामा समावेश गर्नु पर्नेछ ।

गाई, भैँसीपालन गरीरहेको भए, विगत कति वर्षदेखि गाई भैँसी पालन निरन्तर गरीरहेको ? वर्ष....महिना ......

गाई/भैँसीको जात :

गाई/भैँसीको सङ्ख्या :
राँगा साढेँको सङ्ख्या :

गाई, भैँसी पालन पद्धती :

घाँस खेती गरेको/गरीने क्षेत्रफल :

घाँसको किसिम :

डाले घाँसको किसिम र सङ्ख्या :

व्यवसायको लागि श्रम व्यवस्थापन : (क) परिवारिक :
महिला सङ्ख्या .... पुरुष सङ्ख्या.....

(ख) बाहिरबाट : महिला
सङ्ख्या .... पुरुष सङ्ख्या......

(ग) जम्मा :
महिला सङ्ख्या .... पुरुष सङ्ख्या .....

**उत्पादित वस्तुको बजार :**

अपेक्षित वार्षिक प्रतिफल :

युवा/साझेदारी व्यवसायी फार्मको सञ्चालकको तर्फबाट सही गर्नेको :

महाभारत गाउँपालिका राजपत्र

नाम :

संस्थाको छाप :

पद :

मिति :

दस्तखत :

# अनुसूची - ३ (ख)

## पशु उत्पादन( गाई, भैंसीपालन/बाखा प्रवर्द्धन) सम्बन्धी कार्यक्रमको अवधारणाको सङ्क्षिप्त व्यव्सायिक कार्ययोजना

## युवा लक्षित विशेष पशु उत्पादन(व्यवसायिक बाखा फार्म प्रवर्द्धन) कार्यक्रम

१. व्यवसायको परिचय :

२. उद्देश्यहरु :

३. बाखापालन व्यवसायमा अनुभव :

४.व्यवसाय सञ्चालन गरिने स्थानको सङ्क्षिप्त विवरण :

५. व्यवसाय सञ्चालनका लागि रहेका पूर्वाधारहरु :

६. सहकार्यमा सञ्चालन गरीने प्रस्तावित कार्य विवरण :

| क्र. स | सञ्चालन गरीने क्रियाकलाप | अपेक्षित अनुदान सहयोग (रु) | निजी लगानी (रु) | जम्मा लगानी (रु) |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

महाभारत गाउँपालिका राजपत्र

| | | | | |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

नोट : सहकार्यमा बाख्रा पालन गर्ने फार्म/समुह/समिति/सहकारीको न्यूनतम अनुदान रकम बराबरको रकम प्रस्तावित योजनामा समावेश गर्नु पर्नेछ ।

७.उत्पादित वस्तुको बजार योजना

८. अपेक्षित वार्षिक प्रतिफल

प्रस्ताव पेस गर्ने

फार्म/समूह/समिति/सहकारीको नाम : सम्पर्क नं. :

ठेगाना : गाउँ/टोल वडा नं. गा.पा. जिल्ला :

बाख्रा पालन गरीने स्थान :

फार्म/समूह/समिति/सहकारीको तर्फबाट सही गर्नेको :

नाम : संस्थाको छाप :

पद : मिति :

दस्तखत :

महाभारत गाउँपालिका राजपत्र

# अनुसूची - ४ (क)

## पशु उत्पादन( गाई, भैंसी पालन/बाखा प्रवर्द्धन) कार्यक्रम सञ्चालनको लागि गरीने सम्झौता -

महाभारत गाउँपालिका, पशुपन्छी विकास शाखा............मार्फत सञ्चालन गरीने चालू आ.व.......को स्वीकृत लक्षित .................कार्यक्रम सञ्चालन गर्न पशुपन्छी विकास शाखा(यस भन्दा पछाडि पहिलो पक्ष भनिने), विशिष्टताको आधारमा छनौट भएका युवा कृषक श्री/श्रीमती............................(यस भन्दा पछाडि दोस्रो पक्ष भनिने) विच तपशिलका शर्तनामाहरु गरी गराई कार्यक्रम सम्पन्न गर्न सम्झौता/सहमति भएको छ ।

१.पहिलो पक्षले दोस्रो पक्षलाई व्यवसाय सञ्चालनको लागि कार्ययोजना अनुसार २ किस्तामा/कार्यविधि अनुसार सामग्री वा सोझै नगद/ड्राफ्ट/चेक अनुदान स्वरुप उपलब्ध गराउनेछ ।

२. दोस्रो पक्षले पहिलो पक्षबाट आवश्यक प्राविधिक जानकारी प्राप्त गरी आफूले आवेदन गरे अनुसारको .................व्यवसाय सञ्चालन गर्नेछ ।

३. पहिलो पक्षले नियमित रुपमा व्यवसाय सञ्चालन गरे/नगरेको अनुगमन गर्नेछन् ।

४. गाईभैंसी/बाखापालन गर्ने व्यवसायिक कृषकहरुले पशु बिमा अनिवार्य गर्नु पर्नेछ ।

महाभारत गाउँपालिका राजपत्र

५. यस सम्झौतामा उल्लेखित काम गर्दा परि आउन सक्ने कुनैपनि प्राकृतिक प्रकोप वा अन्य आकस्मिक विपदमा पहिलो पक्ष जिम्मेवार हुने छैन ।

६. यस सम्झौतामा उल्लेख भए भन्दा अन्य व्यहोराको हकमा प्रचलित नियम कानुनबमोजिम हुनेछ ।

| पहिलो पक्ष | दोस्रो पक्ष |
|---|---|
| पशुपन्छी विकास शाखाको तर्फबाट सहि गर्नेको | युवा उद्यमी वा संस्थाको तर्फबाट सही गर्नेको |
| नाम : | नाम : |
| पद : | पद : |
| दस्तखत : | दस्तखत : |
| मिति : | मिति : |
| सम्पर्क नं. : | सम्पर्क नं. : |
| कार्यालयको छाप : | संस्थाको छाप : |
| औठाको छाप : | |

दाँया बाँया

महाभारत गाँउपालिका राजपत्र

# अनुसूची - ४ (ख)

महाभारत गाउँपालिका पशुपन्छी विकास शाखाको आ.व............को स्वीकृत युवा लक्षित कार्यक्रम सञ्चालन गर्नको लागि मितिं ................को स्थानीय स्तरका पत्रिका ........................मा प्रकाशित सूचना मुताविक पेस हुन आएका प्रस्तावहरु मध्ये मिति ..................मा बसेको छनौट समितिको बैठकबाट श्री ....................को प्रस्ताव छनौट भएको हुँदा महाभारत गाउँपालिका पशुपन्छी विकास शाखा .........................(यसपछि प्रथम पक्ष भनिने) र श्री ...........................(यसपछि दोस्रो पक्ष भनिने) बिच तपशिल अनुसारका सर्तहरु पालना गरी ..........................कार्यक्रम सञ्चालनका लागि द्विपक्षीय सम्झौता गरी बुझिलियौ/दियौ ।

तपशिल

१.प्रस्तावित.....................कार्यक्रम जिल्ला ..................गाउँपालिका ..................वडा नं. .................टोलको .......................भन्ने ठाउँमा मिति .........................सम्ममा सम्पन्न गरीनेछ ।

२. प्रथम पक्षले सुरुमा कार्यक्रम सञ्चालानार्थ स्वीकृत कार्यक्रम अनुसार स्वलगानीमा ५० प्रतिशत कार्य सम्पन्न गरे पश्चात पहिलो किस्ता बापतको ५० प्रतिशत रकम भुक्तानीको लागि बिल भर्पाइ पेस गर्नु पर्नेछ । सो अनुसार मनासिव ठहरेमा प्रथम पक्षले दोस्रो पक्षलाई पहिलो किस्ता बापतको रकम भुक्तानी र दोस्रो किस्ता बापतको बाँकी ५० प्रतिशत रकम कार्य सम्पन्न पश्चात

महाभारत गाउँपालिका राजपत्र

भुक्तानी दिइनेछ वा कार्य सम्पन्न भए पश्चात आवश्यक कागजातहरु पेस गरी एकमुष्ठ भुक्तानी दिन सकिनेछ ।

३. कार्यक्रम सम्पन्न भए पश्चात स्थानीय सरकारको नियमानुसार व्यवसाय दर्ता गरी प्रमाणपत्र लिने, मूल्य अभिवृद्धि कर (vat) दर्ता प्रमाणपत्र वा स्थायी लेखा नं. (Pan) प्रमाणपत्र लिने जस्ता कार्यहरु समयमै सम्पन्न गर्नु पर्नेछ ।

४. प्रस्तावित योजना सम्पन्न भए पश्चात मर्मत सम्भार लगायतका सम्पूर्ण कार्यहरुको जिम्मेवारी एवंदायित्व दोस्रो पक्षको हुनेछ ।

५. प्रस्तावित कार्यक्रम स्थल ५ वर्ष अगावै सम्झौता मुताविकको भन्दा अन्यत्र सारिने छैन । तथापि काबु बाहिरको अवस्थामा स्थानान्तरण गर्नु परेमा प्रथम पक्षको लिखित स्वीकृती अनिवार्य रुपमा लिनु पर्नेछ ।

६. दोस्रो पक्षले कारणबस प्रस्तावित कार्यक्रम बन्द गरेमा प्रथम पक्षले उपलब्ध गराएको अनुदान रकमबाट खरिद गरीएको उपकरण फिर्ता लिन सक्नेछ ।

७. प्रस्तावित कार्यक्रम सञ्चालन गरीएको थलोमा ठेगाना तथा सहयोगी निकायको नाम उल्लेखित बोर्ड राख्ने कार्य दोस्रो पक्षले अनिवार्य गर्नेछ ।

८. दोस्रो पक्षले नियमित रुपमा - कम्तिमा चौमासिक अवधिमा) प्रगति विवरण लगायत अन्य तथ्याङ्कहरु प्रथम पक्षलाई अनिवार्य रुपमा उपलब्ध गराउनु पर्नेछ ।

९. सम्झौता मुताविकको कार्य नभएमा वा उपलब्ध स्रोतको दुरुपयोग भएको पाइएमा प्रथम पक्षले जुनसुकै समयमा एकतर्फी

महाभारत गाउँपालिका राजपत्र

रुपमा सम्झौता भङ्ग गरी दास्रो पक्षबाट दुरुपयोग भए बराबरको रकम सरकारी बाँकी सरह असुल उपर गर्न सक्नेछ ।

१०. प्रथम पक्षको तर्फबाट कुनैपनि समयमा हुने कार्यक्रमको निरीक्षण/अनुगमन, तालिम भ्रमणमा सहयोग गर्नु दोस्रो पक्षको दायित्व हुनेछ ।

११. सम्झौतामा उल्लेख हुन छुटेका विषयको हकमा प्रचलित नियम कानुन र दुवै पक्षको आपसी सहमती अनुसार हुनेछ ।

नोट : सम्झौताका बुँदाहरु आवश्यकता अनुसार थपघट वा परिमार्जन गर्न सकिनेछ ।

| प्रथम पक्षको तर्फबाट | दोस्रो पक्षको तर्फबाट |
|---|---|
| हस्ताक्षर : | हस्ताक्षर : |
| नाम : | नाम : |
| ठेगाना : | पद : |
| कार्यालयको छाप : | कार्यालयको छाप : |
| साक्षी : | साक्षी : |
| हस्ताक्षर | हस्ताक्षर |
| नाम : | नाम : |
| ठेगाना : | |
| पद : | |

महाभारत गाँउपालिका राजपत्र

महाभारत गाँउपालिका राजपत्र

# अनुसूची - ५ (क)

## युवा लक्षित विशेष पशु उत्पादन(व्यवसायिक गाई/भैँसी पालन) कार्यक्रम सञ्चालनका लागि छनौट गर्दा अपनाइने मूल्याङ्कनका आधारहरु :

| क्र.स | द.नं | आवेदकको नाम | ठेगाना | प्रस्तावित कार्ययोजना (२५) | व्यवसायको सम्भाव्यता/उपयुक्तता (१०) | अनुभव/तालिम (१०) | पालिरहेको गाईभैंसीको सङ्ख्या (१५) | घाँस खेती गरेको जग्गा र चरणको क्षेत्रफल (१५) | वैदेशिक रोजगार बाट फर्केको (१०) | जैविक तथा पर्यावरणीय सुरक्षा विधि(१०) | कुल प्राप्ताङ्क (१००) |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |

**मूल्याङ्कन समितिका पदाधिकारीहरुको :**

नामथर :

पद :

दस्तखत :

मिति :

नामथर :

पद :

दस्तखत :

मिति :

नामथर :

पद :

दस्तखत :

मिति :

महाभारत गाउँपालिका राजपत्र

## अनुसूची - ५ (ख)

## बाख्रापालन व्यवसायको प्रस्ताव छनौट गर्दा अपनाइने मूल्याङ्कनका आधारहरु

| क्र.स | द. नं | आवेदकको नाम | ठेगाना | प्रस्तावित कार्ययोजना (१५) | व्यवसायको सम्भाव्यता/उपयुक्तता (१५) | शैक्षिक योग्यता (१०) | पालिरहेको बाखाको सङ्ख्या (१५) | बाखापालन/घाँस खेतीमा तालिम प्राप्त (१५) | वैदेशिक रोजगार बाट फर्केको (१०) | घाँस खेती गरेको जग्गार चरणको क्षेत्रफल(२०) | कुल प्राप्ताङक (१००) |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |

**मूल्याङ्कन समितिका पदाधिकारीहरुको :**

नामथर :

पद :

दस्तखत :

मिति :

नामथर :

पद :

दस्तखत :

मिति :

नामथर :

पद :

दस्तखत :

मिति :

महाभारत गाँउपालिका राजपत्र

## अनुसूची - ६

## <u>पशु उत्पादन (गाईभैंसी पालन/बाखा प्रवर्द्धन) सम्बन्धी कार्यक्रमको प्रगति विवरण पठाउने फारमको ढाँचा</u>

१. उद्यमी कृषकको

२. सञ्चालित व्यवसायको

नाम : नाम :

ठेगाना : ठेगाना :

३. आ.व. ४. प्रगति

प्रतिवेदन अवधि : चौमासिक /वार्षिक

| क्र.स | कार्यविवरण | इकाई | लक्ष्य | प्रगति | आइ परेका बाधा अड्चनहरु | समाधानका लागि सुझावहरु |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

प्रति इकाई उत्पादित पदार्थको स्थानीय बजारको बिक्री मूल्य :

१................ २........................

३................................

महाभारत गाउँपालिका राजपत्र

युवा उद्यमीको नाम :

दस्तखत : मिति :

ठेगाना :

***इति सम्वत .........................साल ................महिना.......गते रोज ........शुभम्***

आज्ञाले
रेमोण्ड थापा मगर
प्रमुख प्रशासकीय अधिकृत

महाभारत गाँउपालिका राजपत्र